जि.का.सप्तरी द.नं. ९(२०३९/०६/१८)-०३९/०४०
म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४० अंक १८ २०७८ साल मंसिर १२ गते आइतवार (28 Nov. 2021 Sunday) मूल्य रु. ७/-

विवाहलगायत अन्य भोजभतेरमा फजुलखर्च रोकौं
सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : कोरोना प्रभावले २० वर्ष ... पृष्ठ ३ मा : कसरी नेपाल ... पृष्ठ ४ मा : जाडोमा स्वस्थ रहने ... पृष्ठ ५ मा : पत्रकार महासंघका पदाधिकारीले ....

# हरवा चरवा राष्ट्रिय व्यापी आन्दोलनको तैयारीमा




**राजविराज**/हरवा चरवा संगठित भई राष्ट्रिय व्यापी आन्दोलन गर्ने तयारीमा जुटेका छन् ।

सप्तरीको सुरुङ्गा नगरपालिकामा शनिबार "हरवा चरवाको सवाल, मुक्ति र पुनःस्थापनाको आधार" नारासहित सुरु भएको जिल्ला स्तरिय हरवा चरवा सभामा सहभागि हरवा चरवाका अगुवाहरुले सो जानकारी गराएका हुन् ।

सभाको उद्‌घाटन गर्दै प्रमुख अतिथि प्रदेशसभा सदस्य गोबिन्द न्यौपानेले हरवा चरवाको समस्या समाधान, उनीहरुको उत्थान र सशक्तिकरणका लागि आफूले हरसम्भव प्रयास गर्ने प्रतिबद्धता जनाए ।

हरवा चरवा तथा दलित अधिकार क्षेत्रमा क्रियाशिल दलित जनचेतना संगमका कार्यकारी निर्देशक गणेश रामले मुलुकमा पटक पटक ब्यवस्था र सरकार परिवर्तन भएपनि वर्षौंदेखी भूमिहीन हरवा चरवाको अवस्था ज्युँका त्युँ रहेको भन्दै अब राष्ट्रिय ब्यापी आन्दोलनको विकल्प नरहेको बताए । उनले हरवा चरवाको उठिबास हुने खालका कुनै पनि निर्णय नगर्न सरकारलाई सचेत समेत गराए ।

यसका लागि जनसंगठन निर्माण, बिस्तार, सुदृढिकरण तथा परिचालन लगायतका कार्य सुरु गरिएको राष्ट्रिय हरवा चरवा मञ्चका केन्द्रिय अध्यक्ष दशन मण्डलले बताए ।

द फ्रिडम फण्ड र दलित जनचेतना संगमको सहयोग तथा हरवा चरवा अधिकार मञ्च सप्तरीको आयोजनामा संचालित सभामा खडक नगरपालिका, हरवा चरवा मञ्चका नगर अध्यक्ष बलदेव मण्डल, दलित जनचेतना संगमका अध्यक्ष रामलखन राम, हरवा चरवा महिला उत्थान समाजकी अगुवा चन्देश्वरीदेवी सदा, पत्रकार बैजनाथ झा, वडा अध्यक्ष देवेन्द्र चौधरी, द फ्रिडम फण्डका प्रतिनिधि ब्रहमदेव रामलगायतकाले पनि बोल्दै हरवा चरवा र दलितमाथी भइरहेको विभेद अन्त्यका लागि संगठित भई अघि बढ्ने पर्नेमा जोड दिएका थिए ।

# कांँग्रेस निर्वाचनमा संस्थापन र इतर पक्षबीच कडा टक्कर

**राजविराज**/शनिबार बिहान घोषित परिणाम अनुसार सप्तरीको क्षेत्र नं. १ को क मा प्रादेशिक सभापतिमा परशुराम चौधरीले ५ मतको अन्तरले कृष्ण ढकाललाई पराजित गरेका छन् ।

चौधरीले १ सय ७८ मत पाउँदा निकटतम प्रतिद्वन्दी ढकालले १ सय ७३ मत ल्याए । चौधरी काँग्रेसको संस्थापन पक्षका हुन भने ढकाल संस्थापन इतर पक्षका हुन् ।



शनिबारै घोषित मतगणना परिणाम अनुसार क्षेत्र नं. २ को ख मा श्याम यादवले प्रादेशिक सभापतिका अर्का उम्मेदवार सतिशचन्द्र झालाई ५ मतको अन्तरले नै पराजित गरेका छन् । संस्थापन इतर पक्षका यादवले १ सय ३२ मत पाउँदा संस्थापन पक्षका झाले १ सय २७ मत ल्याएको निर्वाचन अधिकारी डा. रुद्र नारायण शर्माले जानकारी दिएका छन् ।

शनिबारै क्षेत्र नं. १ को ख को पनि प्रादेशिक सभापति निार्वचनको नतिजा सार्वजनिक गरिएको छ । जसमा संस्थापन इतर पक्षका उमेश मिश्रा निर्वाचित भएका छन् । मिश्राले १ सय ८३ मत ल्याउँदा निकटतम प्रतिद्वन्दी

*बाँकी अन्तिम पृष्ठमा*

# स्वास्थ्यकर्मीद्वारा सप्तकोशीमा हामफालेर आत्महत्या

**राजविराज**/सप्तकोशी नदीमा हामफालेका एक स्वास्थ्यकर्मीले शनिबार आत्महत्या गरेका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ कोशी ब्यारेजको ५२ नम्बरको ढोकाबाट झापाको दमक नगरपालिका ६ निवासी ४५ वर्षिय सुभाष नेपाल शनिबार १२ बजेतिर हामफालेको प्रहरीले जनाएको छ ।

नेपाल मोरङ जिल्लास्थित जिल्ला जिल्ला स्वास्थ्य कार्यालयका अहेब हुन् । स्थानियहरुले नदीमा हामफालेको देखेपछि प्रहरीलाई खबर गर्दा प्रहरी टोलीले खोजतलाश गर्ने क्रममा

*बाँकी अन्तिम पृष्ठमा*




राजगढ गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी

तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

विचार गर्नुस,

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# चिसोमा निमुख्खा जनताप्रति ध्यान पुगोस्

सप्तरीमा हरेक वर्ष चिसोको मौसममा जनजिवन अत्यन्त कष्टकर बन्ने गरेको छ। विगतका वर्षहरुमा अत्याधिक चिसोका कारण निमुख्खा जनताहरुले ज्यान समेत गुमाउनु परेको सर्वसविदितै छ। खास गरि यस मौसममा गरिब, निमुख्खाका साथै बालबालिका र बृद्धबृद्धा बढी प्रभावित भइरहेका हुन्छन्। चिसो बढेपछि दैनिक कार्य समेत प्रभावित बन्न पुग्छ। यस जिल्लामा बढी गरिब, विपन्न, दलित समुदायको बसोवास रहेको छ। उनीहरु न्यानो कपडाको अभावमा चिसोबाट निकै प्रभावित हुन्छन् ।

अहिले चिसो मौसमको आवागमन भएको छ। बिस्तारै केही दिनपछि अत्याधिक चिसो बढ्ने छ। यसप्रति अहिलेदेखी नै सतर्क रहनु पर्दछ। खास गरि स्थानिय सरकारले गरिब जनताका लागि चिसोबाट बच्ने उपायका साथै न्यानो कपडाको प्रबन्ध गर्न तत्परता देखाउनु जरुरी छ। एक छाक खान र लगाउन धौं धौं परिरहेका ती समुदायलाई चिसो छल्न न्यानो कपडाको आवश्यकता रहेको छ। जहिले पनि चिसो बढेपछि मात्र स्थानिय निकाय तथा सरोकारवाला निकाय तात्ने बानी अहिले पनि कायमै रहेको छ। विपद् आएको बेला मात्र ध्यानाकर्षण हुने बानी हालसम्म त्यस्ता निकायको छुटेको छैन्। जनताको मौलिक हकका लागि लड्ने संघसंस्थाको पनि उनीहरुप्रति ध्यान पुग्न सकेको छैन्।

यसका लागि सप्तरीका हरेक स्थानिय तहले आफ्नो जनता चिसोका कारण कुनै अफ्ठ्यारोमा नपरुन भन्ने बारे अहिले नै ध्यानपुऱ्उनु अत्यन्त आवश्यक छ। तसर्थ यसका लागि अहिलेबाटै स्थानिय तह लगायत सम्पूर्ण सरोकारवाला निकायले गरिब, निमुख्खा जनताका लागि न्यानो कपडा तथा अन्य व्यवस्थाका लागि कदम चाल्नु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोना प्रभावले २० वर्ष पछाडि धकलियो क्षयरोग कार्यक्रम



**राजेश कुमार यादव**

क्षयरोग र कोरोना दुवै सरुवा रोगहरु भएको हुँदा एक संक्रमित व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्न सक्छन्। कोरोना महामारीले गर्दा क्षयरोग विश्वमा एउटा प्रमुख जनस्वास्थ्य समस्याको रुपलिँदै चुनौतिपुर्ण परिस्थिति सिर्जना गरको छ।

**क्षयरोगको वर्तमान अवस्था**

नेपालमा कुल जनसंख्याको ४५ प्रतिशत व्यक्तिहरु क्षयरोगबाट संक्रमित भएको अनुमान गरिएको छ। "राष्ट्रिय क्षयरोग प्रिभेलेन्स सर्भे (२०१९)" को प्रतिवेदन अनुसार नेपालमा क्षयरोगीको संख्या ६९ हजार देखिन्छ। नेपालमा प्रति एक लाख जनसंख्यामा ४१६ क्षयरोगका बिरामीहरु छन्। आर्थिक वर्ष २०७६/७७ मा कुल २७ हजार ७४५ क्षयरोगका बिरामीहरु उपचारमा थिए। नेपालमा प्रत्येक दिन ४७ जनाको क्षयरोगबाट मुत्यु हुने गरेको अनुमान गरिएको छ।

**कोरोनाको वर्तमान अवस्था**

नेपालमा पहिलो कोरोना पोजेटिभको केस मिति २०७६ माघ १० गते पहिचान भएको थियो भने मिति बिहीबारसम्म कोरोना संक्रमितहरुको संख्या ८ लाख २० हजार २८५ पुगेको छ जसमध्ये ११ हजार ५१६ जनाको मुत्यु भइसकेको छ।

नेपालमा औषधि प्रतिरोध क्षयरोगका ४० प्रतिशत बिरामीमा कोरोना भाइरसको संक्रमण देखिएको छ।

**क्षयरोग कार्यक्रममा कोरोनाको प्रभाव**

**क्षयरोगी बिरामीको संख्याः** नेपलमा स्वास्थ्यको कार्यक्रमहरु मध्य सबैभन्दा बढी क्षयरोग कार्यक्रममा प्रभाव परेको देखिन्छ। राष्ट्रिय क्षयरोग केन्द्रको आव २०७५/७६ को वार्षिक प्रतिवेदन अनुसार ३२,०४३ क्षयरोगी बिरामीको संख्या थियो भने आव २०७६/७७ मा २७,७४५ मात्र क्षयरोगीको संख्या पत्ता लागेको थियो र तुलनातमक रुपले यो संख्या हेर्दा २० वर्ष भन्दाकै कम क्षयरोगी बिरामी पत्ता लागेको अवस्था हो। स्वास्थ्य सेवा विभागको वार्षिक स्वास्थ्य प्रतिवेदन आव २०५७/५८ अनुसार ३०,२७५ क्षयरोगका बिरामीहरुलाई औषधिको दयरा भित्र ल्याउन सफल भएको थियो।

क्षयरोग पत्ता लगाउने दर (केस नोटिफिकेसन दर) राष्ट्रिय क्षयरोग प्रिभेलेन्स सर्भे (२०१९ अनुसार प्रति एक लाखमा २४५ पत्ता लगाउनु पर्ने तर कोभिड महामारीले त्यो लक्ष्य हासिल गर्न ठूलो चुनौती नै थपेको छ। राष्ट्रिय क्षयरोग केन्द्रको आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन अनुसार प्रति एक लाख जनसंख्यामा १०९ क्षयरोका बिरामी पत्ता लागेको थियो भने आर्थिक वर्ष २०७६/७७ मा एक लाख जनसंख्यामा ९३ क्षयरोका बिरामी पत्ता लागेको छ।

क्षयरोगको उपचार सफलता दरः कोरोना महामारीले नेपालमा पनि लामो समय लकडाउन लागेको थियो जुन क्षयरोग बिरामीको उपचार सफलता दरमा पनि प्रभाव पारेको देखिन्छ। लकडउनले गर्दा कति स्वास्थ्य संस्थामा समयमै औषधि आपूर्ति नहुनु र क्षयरोगी बिरामी पनि डट्स केन्द्रसम्म पुग्न नसक्नाले क्षयरोगको उपचार सफलता दर घटेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा ९०।८४ प्रतिशत थियो भने २०७६/७७ मा ८९.४३ प्रतिशतमा आइपुगेको छ।

**क्षयरोग अन्त्यको लक्ष्य समयमै हासिल गर्न चुनौती नै चुनौती**

विश्व स्वास्थ्य संगठनले क्षयरोग अन्त्यको रणनीति सन २०१६ देखी २०३५ सम्म लिएको छ। क्षयरोग अन्त्यको रणनीतिले मुख्यगरी तीनवटा लक्ष्य लिएको छ। पहिलो लक्ष्यः सन २०१५ को तुलनामा क्षयरोगबाट हुने मुत्यु दर ९५ प्रतिशतले कम गर्ने तर हाल पनि नेपालमा प्रति दिन ४७ जनाको मुत्यु हुने अनुमान गरेको छ। दोस्रो लक्ष्यः क्षयरोगका नयाँ बिरामी हुने दर ९० प्रतिशतले घटाउने तर नेपालमा नयाँ क्षयरोगी बिरामी पत्ता लगाउने संख्यानै कम भएको हुनाले नेपालमा अहिले कम्तिमा ६९ हजार क्षयरोगी बिरामी पत्ता लगाउनु पर्ने देखिन्छ। तेस्रो लक्ष्यः क्षयरोगका कारणले परिवारमा पर्ने खर्च भार शून्य पार्ने लक्ष्य राखेको छ तर नेपालमा क्षयरोगका कारणले परिवारमा पर्ने खर्च भार शून्य पार्ने कुनै तथ्याङ्क नै देखिँदैन। त्यसकारण यस लक्ष्यको पहिलो प्रारम्भिक तथ्याङ्क संक्लन गर्नु नै आफैंमा नेपालको लागी ठूलो चुनौतीनै देखिन्छ। विश्व स्वास्थ्य संगठनले क्षयरोग अन्त्यको लक्ष्य हासिल गर्न कोभिड महामारीले गर्दा नेपालमा क्षयरोग अन्त्यको लक्ष्य प्राप्त गर्न कागजमा मात्र सीमित हुने सम्भावना देखिन्छ।

**कोभिड महामारीले गर्दा प्रभाव परेका क्षयरोग कार्यक्रमलाई हासिल गर्ने उपायहरु**

क्षयरोगको नयाँ उपचार पद्धति, रेजिमेनबारे स्वास्थ्यकर्मीलाई तालिम, अभिमुखिकरण कार्यक्रम, अनसाइट कोचिङद्वारा जानकारी गराउने।

नेपालमा संघीयतामा आइसकेपछि स्वास्थ्य क्षेत्रमा प्रत्येक स्थानीय तहमा नयाँ स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी भएको हुनाले नयाँ स्वास्थ्यकर्मीलाई आधारभूत टिबी मोडुलर तालिमको संख्यालाई जिल्लामा बढाउने र छिटोभन्दा छिटो स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान गर्ने।

क्षयरोग कार्यक्रमको तथ्याङ्कको सहि अभिलेख गर्ने र सहि प्रतिवेदन राष्ट्रिय क्षयरोग केन्द्रको सुचना प्रणालिमा प्रस्तुत गर्ने। समय समयमा स्थानीय तह, प्रदेश तह र संघमा तथ्याङ्कको ( अभिलेख तथा प्रतिवेदन्) गुण्स्तरीय माथि पर्याप्त समय दिई सहि विश्लेषण गर्ने।

सक्रिय क्षयरोगी बिरामी पत्ता लगाउने कार्यक्रमलाई देशको ७७ जिल्लामा लागू गर्ने र लुकेको क्षयरोगी बिरामीहरु पत्ता लगाउने।

कार्यक्रम र रणनीतिहरुलाई स्थानीय तह, प्रदेश तह र संघमा समय, भुगोल अनुकुल अनुसार परिमार्जन गर्ने र क्षयरोग अन्त्यको लक्ष्यलाई हासिल गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय क्षयरोग कार्यक्रमलाई पर्याप्त अनुदान दिनु पर्ने।

निजी स्वास्थ्य संस्थालाई क्षयरोग कार्यक्रममा जोड्ने र सहि क्षयरोगी बिरामीहरुको अभिलेख तथा प्रतिवेदन राष्ट्रिय क्षयरोग कार्यक्रममा ल्याउनु पर्ने।

क्षयरोग जाँच गर्ने प्रयोशालामा केमिकल, जिन एकसपर्ट केन्द्रहरुमा आवश्यक सामाग्रीहरु तथा काटिज, आवश्यक रजिस्टर र औषधि समयमै आपूर्ति गर्ने।

क्षयरोग कार्यक्रम हेर्ने प्रदेश तहमा, जिल्लामा र प्रत्येक स्थानीय तहमा दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गर्ने।

अनुसन्धानमा आधारित कार्यक्रमलाई समुदाय स्तरमा लागू गर्ने र नयाँ क्षयरोग पत्ता लगाउने उपकरणद्वारा शंकास्पद क्षयरोगका बिरामीलाई छिटो भन्दा छिटो क्षयरोगको निदान गर्ने।

सरकारी, गैरसरकारी तथा निजी संस्थाहरुबीच प्रभावकारी समन्वय कायम गरी देखापरेका समस्या समधान गर्ने।

कोभिडको कारणले क्षयरोग कार्यक्रममा परेको प्रभावलाई हासिल गर्न नयाँ अनुसन्धानमा अधारित कार्यक्रमलाई राष्ट्रिय क्षयरोग केन्द्रले आत्मासाथ गर्न, आर्थिक सहयोग नजुटाएमा र दक्ष स्वास्थ्यकर्मीका व्यवस्था हुन सकेको खण्डमा विश्व स्वास्थ्य संगठनको क्षयरोगमुक्त विश्व बनाउने परिकल्पना अनि राष्ट्रिय क्षयरोग केन्द्रले लिएको आवधिक लक्ष्य पूरा गर्न सम्भावना देखिन्छ नभए कागजमा मात्र सीमित हुने सम्भावना देखिन्छ। यादव जनस्वास्थ्यकर्मी हुन्। स्वास्थ्य खबरबाट



तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# कसरी नेपाल बन्छ ?



लक्ष्मण पन्त

नेपाल किन समृद्ध र विकसित बन्न सकेन ? किन नेपाल गरिबको गरीब छ ? किन नेपाल बन्न सकेन ? हरेक दिन नेपालीहरुलाई छाया जस्तै पछ्याइरहने चार शब्दको यो सवाल जति सरल लाग्छ, त्यसको उत्तर भने सरल र सहज छैन ।

त्यसो त सरकारका मन्त्री र सचिवहरुले मुलुकभित्र र बाहिर नियमितजसो हुने गोष्ठी, सेमिनार र फोरमहरुमा मुलुक प्रगतिपथमा अग्रसर भएको रंगीन प्रतिवेदनहरू प्रस्तुत गरेको पाइन्छ । त्यस्ता प्रतिवेदनहरू आफ्नो पद र जागिर जोगाउने उपक्रम मात्र हुन् भन्नेमा कोही पनि भ्रममा छैन ।

वास्तविकता त यो हो कि नेपाल संसारकै अति कम विकसित गरीब मुलुकहरुको श्रेणीमा पर्दछ । जनता हिजोका राणा राजतन्त्रको अवधिमा मात्र असन्तुष्ट थिएनन्, बहुदल र वर्तमान गणतन्त्र कालमा पनि उस्तै असन्तुष्ट छन । नेपाली जनताले २४० वर्ष निरंकुशतन्त्र भोग्नु पर्‍यो, जसमा राज्यसत्तामा जनताको सहभागिता रहेन, जनता शिक्षाको अवसरबाट वञ्चित रहे ।

त्यस्तो अवस्थामा नेपाल गरीबी र पछौटेपनको शिकार हुनु स्वाभाविक थियो । त्यसपछिका सात दशक जनताले राजनीतिक संघर्षमा बिताए । मुलुकको विकासले खासै गति लिन सकेन । तथापि मुलुकमा लोकतन्त्र/गणतन्त्रको स्थापना भयो ।

लोकतन्त्र र गणतन्त्र कालमा सिंहदरबारले पश्चिमा पुँजीवादी विकासको मोडेल अवलम्बन गर्न पुग्यो, जसले गर्दा मुलुकको पुँजी, कच्चामाल, जलस्रोत, जनशक्ति सबै विदेश पलायन हुने अवस्था निर्माण भयो । यसलाई रोक्ने कुनै कदमहरू नेतृत्वले चाल्न सकेन । मुलुकको दशौं लाख जनशक्ति राज्यको प्रोत्साहनबाट विदेश पलायन भयो ।

मुलुकलाई समुन्नति र विकासको मार्गमा डोर्‍याउने दायित्व राजनैतिक नेतृत्वको हो । तर, बहुसंख्यक जनता नेतृत्वबाट निराश देखिन्छन् । किनकि, गणतन्त्र स्थापना भएको एउटा युग बितिसकेको छ तर मुलुक विकास प्रगति समृद्धि र सुशासनको मार्गमा अगाडि बढ्न सकेको छैन । राजनैतिक दलका नेताहरु आफ्नो दलको स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितमा काम गर्न सकेनन् एक अर्कालाई पछार्ने खेलमै लिप्त रहे, फलस्वरुप राष्टिय एकता निर्माण हुन सकेन ।

नेपालजस्तो भूराजनीतिक अवस्थितिमा रहेको र आर्थिकरुपले परनिर्भर मुलुकमा शक्ति राष्ट्रहरुको स्वार्थलाई उपेक्षा गर्न नसकिने कुरा सही हो । तर, मुलुकको बागडोर सम्हालेको राजनैतिक नेतृत्व कहिल्यै पनि विदेशमुखी र परनिर्भरतावादी चिन्तनबाट मुक्त हुन सकेन । आफ्नो कुर्सी जोगाउन विदेशीहरु सामु नतमस्तक हुने परम्पराको विकास भयो ।

बहुदलकालमा र गणतन्त्र आगमनपछि पनि वर्षैपिच्छेजसो सरकार बदलिने खेलले चरम राजनीतिक अस्थिरता सिर्जना भयो । अघिल्लो निर्वाचन स्थिरताको नारामा लडियो । जनताले नेकपालाई अत्यधिक बहुमतबाट जिताए । तर, पनि नेकपाले स्थिरता सुशासन दिन सकेन ।

माथिको विवरणबाट यो निष्कर्ष निकाल्न सकिन्छ कि राजनीतिक परिवर्तनको मिसनमा त मुलुकको राजनीतिक नेतृत्व काफी हदसम्म सफल रह्यो । तर, सत्ता सञ्चालनमा, मुलुकलाई स्थिरता, विकास र समुन्नति दिने सवालमा खरो उत्रिन सकेन । नेताहरुको आपसी सत्ता र शक्तिको संघर्ष र खिचातानीको शिकार जनता र सिंगो मुलुक बन्न पुग्यो ।

नेपाल किन बनेन भन्ने सवालको बुँदागत र सरसती जवाफ यो बाहेक सम्भवतः अर्को हुन सक्तैन । अर्थात नेपालमा समुन्नति र समृद्धि ल्याउने आश्वासन जनतालाई दिएर लामो संघर्षबाट सत्तामा पुगेको राजनीतिक दल र त्यसको नेतृत्व पंक्ति नै मूलभूत रुपमा नेपालको गरीबी, पछौटेपन र कुशासनका लागि जवाफदेही छ । तर, नेतृत्वलाई दोष दिएर मात्र जनतालाई उम्कने बाटो यस कारण छैन कि जुन नेताहरुलाई जनताले गाली गर्ने गरेका छन तिनीहरुलाई जनताले नै चुनेर पठाएका हुन ।

देश किन बनेन भनेर नेताहरूमाथि एकोहोरो दोषारोपण गरिरहँदा यो तथ्य पनि बिर्सनु हुँदैन कि चीन र भारतजस्ता दुई विशाल र शक्तिशाली मुलुकलाई सन्तुलनमा राखेर नेपालको अस्तित्व जोगाउने पनि मुलुककै नेताहरु हुन । अमेरिका, रुस र बेलायतजस्ता शक्तिशाली सबै मुलुकहरूसित कुशलतापूर्वक मैत्रीपूर्ण र सन्तुलित सम्बन्ध राखेर मुलुकको स्वतन्त्रता सार्वभौमसत्ता, अखण्डता जोगाउने ऐतिहासिक काम गर्ने पनि हाम्रै देश हाँक्ने नेताहरु नै हुन ।

हामीले देखेका छौं, इतिहासमा कसरी शासकहरुले विचार नपुर्‍याउँदा तिब्बत र सिक्किम सिद्धिए । कसरी पाकिस्तानको विभाजन भयो । कसरी तत्कालीन राष्ट्रपति जेआर जयवर्धनेको सरकार अमेरिकी खेमातिर लाग्दा ८० को दशकमा श्रीलंकालाई टुक्राउन सोभियत संघ र भारत श्रीलंकालाई टुक्राउन झण्डै सफल भएका थिए । तर, इतिहासदेखि आजसम्म नेपालको बागडोर सम्हालेका नेताहरुको कुशलताकै कारणले गर्दा राष्ट्र जोगिएको कुरा पनि बिर्सनुहुँदैन । यसका लागि बीपीदेखि महेन्द्रसम्म, पुष्पलालदेखि प्रचण्डसम्मका सबै नेताहरुको सकारात्मक योगदानलाई पनि नबिर्सौं ।

नेतृत्वको विषयलाई एकछिन पन्छ्याएर अब नेपाल किन बनेन भन्ने सवाललाई अरु कोणहरूबाट पनि पडताल गरौं । सडक र रेल्वे सञ्जाल नै विकास, प्रगति र समृद्धिका मुख्य आधार हुन् । अमेरिका युरोप आदि मुलुकहरुले तिनै विकसित पूर्वाधारको जगमा टेकेर नै प्रगति गरेका हुन् । तर, हामीकहाँ सडक र रेल नेटवर्क विकास गर्न कठोर भूगोलका कारण कठिन र अत्यधिक खर्चिलो छ । त्यसैले अमेरिका र युरोप भारत चीनतिरका रेल सञ्जाल हेरेर हाम्रो किन भएन भन्ने गुनासो गर्नुको खासै अर्थ छैन ।

संसारका समृद्ध मुलुकहरुको इतिहास हेर्ने हो भने ती सबैजसो मुलुकहरुमा आरम्भमा कृषि र औद्योगिक उत्पादनको निर्यात व्यापारबाट समृद्धिको जग बसेको हो । यद्यपि पछिल्ला दशकमा पर्यटन पनि यसमा थपिएको छ । प्रकृतिले नेपाललाई सबथोक दिएको छ । तर, समुद्र नदिएर हामीलाई ठगेको छ ।

समुद्री कार्गो नै निर्यात व्यापारको मुख्य आधार हो । हामी निर्यात व्यापारका लागि अप्ठेरो छिमेकी भारतमाथि निर्भर छौं । सात दशकमा भारतले कहिल्यै पनि हामीलाई सहज, सरल र निर्बाध रुपमा समुद्रसम्म पहुँच उपलब्ध गराएको छैन ।

मुलुकको विकास र समृद्धिका लागि कुनै पनि राष्ट्रका जनतामा उद्योग तथा व्यापार वाणिज्यमा उद्यमशिलताको आवश्यकता हुन्छ । तर, दुर्भाग्यवश विगत दुईसय वर्षको इतिहासमा नेपाली जातिको रुझान आफ्नै भौतिक सम्पदा उत्पादन गर्नेतिर होइन अरूका लागि सम्पदा उत्पादन गर्ने, त्यसको सुरक्षा गर्ने र त्यसबापत तलब बुझ्ने मानसिकताले आमनेपाली जनमानसमा घर गरेको छ । आफ्नो गाउँघरतिरका जमीन बाँझो राखेर पोर्चुगल र कोरियातिर कृषि कर्म गर्न नेपाली युवाहरु उद्यत देखिनु यही मानसिकताको उपज हो । राज्यले यसैलाई प्रोत्साहन गर्दछ ।

स्वीट्जरल्याण्ड वा इजरायलले गरेको प्रगतिको दुहाई त दिने गरिन्छ, तर त्यहाँका जनताको उद्यमशिलताको चर्चा भने हामी गर्दैनौं । यसबाट यो स्पष्ट हुन्छ कि हाम्रो इतिहासको विरासतबाट पैदा भएको मनोविज्ञान पनि हाम्रो प्रगति र समृद्धिमा बाधक बनेको छ ।

कुनै पनि मुलुकको विकास र समृद्धिमा त्यहाँका जनताको शिक्षादीक्षा र चेतनाको स्तरको निर्णायक भूमिका हुन्छ । हामीकहाँ राणाकालसम्म अर्थात आजभन्दा ७५ वर्ष पहिलेसम्म आमजनतालाई पढ्ने लेख्ने सुविधा थिएन । बेलायत इटलीजस्ता युरोपीय मुलुकहरुमा अक्सफोर्ड क्याम्ब्रिज आदि शिक्षाका केन्द्रहरु आजभन्दा आठ-नौ सय वर्ष पहिले नै खुलेका थिए ।

भारतमा आजभन्दा लगभग अढाई सय वर्ष पहिले नै मद्रास कलकत्ता मा कलेजहरू खुलेका थिए । हामीकहाँ पहिलो विद्यालय ९राणाहरूका लागि० खुलेको सन १८५४ मा हो भने त्रिभुवन विश्वविद्यालय खुलेको सन् १९५९ अर्थात ६२ वर्ष पहिले मात्र औपचारिक उच्चशिक्षाको आरम्भ नेपालमा भएको हो । यसलाई पनि हाम्रो पछौटेपन र अविकासको अवस्थाको एउटा महत्वपूर्ण कारण मान्न सकिन्छ ।

आखिर, जुनसुकै राज्य व्यवस्था वा प्रणाली भए पनि जबसम्म माथि उल्लेख भएका समस्याहरु सम्बोधन हुँदैनन्, तबसम्म नेपाल गरीब र अविकसित रहनु अनिवार्य छ । रातोपाटीबाट




मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं

आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

छिन्नमस्ता गाउँ कार्यपालिकाको
कार्यालय सप्तरी



हार्दिक बधाई एवं शुभकामना








उद्योग बाणिज्य संघ सप्तरीको कोषाध्यक्ष तथा सदस्य पदमा अत्याधिक मतले निर्वाचित हुनु भएका यस संस्थाका शेयर सदस्य श्री **प्रमोद काबरा** र श्री **संतोष कुमार सिन्हा** तथा जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष एवं राष्ट्रिय सहकारी बैंक राजविराज शाखा समन्वय उपसमिति सदस्य श्री **सचिन्द्र दास** लगायत निर्वाचित सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**विश्वनाथ मण्डल**
अध्यक्ष
जन ज्योति कृषि सहकारी संस्था लि.
तथा
संचालक, राष्ट्रिय सहकारी बैंक, राजविराज

# जाडोमा स्वस्थ रहने ११ तरिका

**शरीरलाई क्रियाशील राख्ने**

जाडो मौसममा बाहिर हिँडडुल गर्न अल्छी गर्ने, फुर्सद पाउनसाथ सिरक ओढेर सुत्ने बानी धेरैको हुने गर्छ। यस्तो बानी सुधार्नुपर्छ। बिहान सामान्य व्यायाम गर्ने, हिँडडुल गर्ने, फुर्सदको समयमा करेसाबारीमा आफूलाई व्यस्त राख्ने आदि काम गरेमा शरीरलाई आवश्यक ताप र ऊर्जा प्राप्त हुन्छ। जसले गर्दा रुघाखोकीजस्ता रोग लाग्ने जोखिम घट्छ।

**खानपानमा ध्यान दिने**

जाडो मौसममा सुप, तरकारी, फलफूलजस्ता खानालाई सकेसम्म नियमित गर्नुपर्छ। सखरखण्ड, हरियो सागसब्जी, चुकन्दर, अदुवा, लसुन, केराजस्ता तरकारी र फलफूल खाने गर्नाले शरीरलाई ऊर्जा मिल्नुका साथै शरीरको रोगप्रतिरोधी क्षमता पनि बढ्छ। तरकारी र गेडागुडीको झोल जाडो मौसममा बढी खाने गर्नुपर्छ।

**वजन बढ्न नदिने**

जाडो मौसममा शारीरिक श्रम र व्यायाम कम हुने गर्छ। मसलादार र चिल्लो खाना खाने रुचि जाडोमा बढी हुन्छ। त्यसैले जाडोमा मानिस मोटाउने गर्छन्। त्यसैले मोटाएर खास गरी पेटतिरको भागमा बोसो जम्मा हुन नपाओस् भन्नेमा सचेत




हुनुपर्छ। किनकि, जाडोमा लागेको पेट र बोसोले दीर्घकालीन रोग लाग्ने सम्भावना बढाइदिन्छ।

**पर्याप्त सुत्ने**

वयस्कहरूका लागि प्रतिदिन सातदेखि आठ घण्टासम्मको निद्रा उपयुक्त हुन्छ। पर्याप्त निदाइएन भने शरीर कमजोर हुने र रोग लाग्ने जोखिम बढ्ने भएकाले सुत्न कञ्जुस्याइँ गर्नु हुँदैन। राम्रोसँग निदाउनका लागि नियमित व्यायाम गर्ने, योग गर्ने, मदिरा र चुरोट कम गर्ने, क्याफिनजन्य पदार्थको मात्रा घटाउने गर्नुपर्छ।

**छाला स्वस्थ राख्ने**

जाडो मौसममा छाला फुट्ने र फुस्रो हुने, ओठमा घाउ हुनेजस्ता समस्या देखापर्ने गर्छन्। जाडोमा कम नुहाइने भएकाले लुतोलगायत एलर्जी छालामा लाग्ने जोखिम जाडोमा बढी हुन्छ। यसबाट बच्न सरसफाइमा ध्यान दिनुपर्छ। छाला फुस्रो नहोस् र नफुटोस् भन्नका लागि नियमित छाला म्वइस्चराइज गर्नुपर्छ।

**पानी पर्याप्त पिउने**

जाडोमा पानी पिउने रुचि कम हुन्छ। त्यही भएर पानीको मात्रा बढाउन तरकारी र दालको झोल बढी पिउने गर्नुपर्छ। साथै, दिउँसोतिर बेलाबेलामा ठूलो ग्लासमा ग्रिन टी, हर्बल टी आदि पिउने गर्नाले पानीको मात्रा बढ्छ। जसले शरीर र छालामा पानीको कमीका कारण देखापर्ने समस्या रोक्छ।

**तनावरहित हुने**

तनावका कारण मानसिकसँगै शारीरिक रोग लाग्ने जोखिम बढ्ने भएकाले तनाव कम गर्न योग गर्ने, मनमा नराम्रो कुरा नखेलाउने, आफ्नो र सबैको भलो सोच्ने आदि गर्नुपर्छ।

**रक्तसञ्चार सुचारु राख्ने**

जाडोमा रगत जम्ने भएकाले रक्तसञ्चार राम्रोसँग हुन पाउँदैन, जसले गर्दा हातखुट्टा चिसो हुने आदि हुन्छ। यस्तो हुन नदिन हिँडडुल गरिरहने, व्यायाम गर्ने, बसेर काम गर्दैगर्दा बीचबीचमा उठेर यताउति टहल्ने, मोजा-पञ्जा आदि लगाउने गर्नुपर्छ। रगत राम्रोसँग सञ्चार हुन पाएन र जम्यो भने यसले शरीरमा विभिन्न हानि पुऱ्याउँछ।

**न्यानो कपडा लगाउने**

कतिपय अवस्थामा हामीले कपडा लगाउनमा हेलचेक्र्याइँ गर्छौं र जाडोमा त्यति न्यानो कपडा नलगाई बाहिर निस्कने गर्छौं। यस्तो गर्नु हुँदैन। छातीमा कफ जम्ने, चिसोको कारण घाँटी खसखस हुने, दुख्ने आदि गरेको छ भने छाती र घाँटी छोप्ने खालका कपडा, मफलर लगाउनुपर्छ। न्यानो कपडा नलगाए चिसो गढ्ने, रुघाखोकी बलि्झने, टन्सिल हुने सम्भावना रहन्छ।

**तातो पानी पिउने**

जाडो मौसममा चिसो पानी नपिउनु नै राम्रो हुन्छ। तातो पानी पिउने गर्नाले रुघाखोकी नलाग्ने, कफ नजम्ने, घाँटी नदुख्ने हुन्छ।

**बिरामीबाट परै रहने**

रुघाखोकी आदि सर्ने भएकाले यस्ता रोग लागेका मानिसबाट परै रहनुपर्छ। त्यस्ता मानिससँग कुरा गर्दा दूरी कायम गर्ने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने आदि गर्नुपर्छ।

# उवा संघ सप्तरीको अध्यक्षमा अग्रवाल बिजयी



**लालुप्रसाद अग्रवाल**
**नवनिर्वाचित अध्यक्ष, उद्योग बाणिज्य संघ सप्तरी**

**राजविराज**/उद्योग बाणिज्य संघ सप्तरीको सम्पन्न निर्वाचनमा अध्यक्षमा लालप्रसाद अग्रवाल बिजयी भएका छन्।

अध्यक्षमा अग्रवालसँगै २ जना पदाधिकारी बाहेक १२ जना पदाधिकारीहरु उनकै समूहका बिजयी भएका छन्।

गत शनिबार सम्पन्न निर्वाचनको प्राप्त मतपरिणाम अनुसार अध्यक्ष पदमा अग्रवाल ४ सय १९ मतान्तरले बिजयी भए। उनले ७ सय ४६ मत प्राप्त गरे भने उनका निकटत्तम प्रतिद्वन्दी शंकर दासले ३ सय २७ मत प्राप्त गरे ।

यस्तै उद्योग उपाध्यक्षमा उनकै समूहका दुर्गानन्द प्रसाद साहले ५ सय ७२ मत प्राप्त गरे। उनका प्रतिद्वन्दी रामअशिष प्रसाद साहले ४ सय ७० मत प्राप्त गरे। बाणिज्य उपाध्यक्षमा रमेश कुमार साहले ८ सय १८ मत प्राप्त गरे भने उनका प्रतिद्वन्दी गौरी शंकर प्रसाद साहले ३ सय २८ मत पाए।

यस्तै महासचिवमा अमृतकुमार संचेतीले ६ सय ५५ मत प्राप्त गरे भने उनका निकटतम प्रतिद्वन्दी सुरज कुमार सिंहले ३ सय ८५ मत प्राप्त गरे। सचिवमा सुरेन्द्र बिमलले ५ सय ९३ मत तथा उनका प्रतिष्पर्धी गुलाब बदी उज्जमा खाँले ४ सय २४ मत प्राप्त गरे।

यस्तै कोषाध्यक्षमा प्रमोद कुमार काबराले ६ सय ८४ तथा उनका निकटतम प्रतिद्वन्दी दिनेश प्रसाद साहले ३ सय ८९ मत प्राप्त गरे। सहकोषाध्यक्षमा दास समूहका निर्मल कुमार मुन्धडा ५ सय ४४ मत प्राप्त गरि बिजयी भएका छन्। उनका निकटतम प्रतिद्वन्दी अनिलकुमार सिंहले भने ४ सय ७६ मत मात्र प्राप्त गरे।

यस्तै सदस्य पदमा अग्रवाल प्यानलका सन्तोष कुमार सिन्हा, सचिन्द्र दास, सुरेन्द्र प्रसाद साह, कमल प्रसाद साह, दिलिप प्रसाद गुप्ता र अम्बिका दाहाल निर्वाचित भएका छन्। दास प्यानलबाट सदस्य पदमा संजय पुर्वे निर्वाचित भएका छन्।

अध्यक्षसहित १४ पदका लागि भएको निर्वाचनमा स्वतन्त्र उम्मेदवार समेत गरि ३१ जनाको उम्मेदवारी परेको थियो। सप्तरीको १८ वटै स्थानिय तहका गरि संघमा १ हजार ३ सय २२ मतदाता रहेकोमा निर्वाचनमा १ हजार १ सय ६१ मत खसेको थियो।

# सासंद यादवलाई कारवाही

**राजविराज**/जनता समाजवादी पार्टी नेपालले सांसद प्रदीप यादवलाई कारवाही गरेको छ। पार्टीले उनलाई केन्द्रीय सदस्यबाट हटाएर कारवाही गरेको हो।

बुधबार पार्टीको सम्पन्न बैठकबाट यादवलाई तत्कालका लागि केन्द्रीय सदस्यबाट हटाउने निर्णय गरेको थियो।

केही दिन अघि मन्त्री नबनाएको भन्दै यादव निकट नेता कार्यकर्ताले बिरगंजमा पार्टी अध्यक्षविरुद्ध नाराबाजी गर्नुका साथै पुत्ला जलाएका थिए। पार्टीको झण्डा जलाउन संलग्न रहेको आरोप समेत उनमाथी लगाइएको छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# पत्रकार महासंघका पदाधिकारीले कुनै दलको प्रतिनिधि वा उम्मेदवार हुन नपाउने

**राजविराज**/नेपाल पत्रकार महासंघको केन्द्रीय समिति, प्रदेश समिति, शाखा समितिका पदाधिकारी र सदस्यले कुनै राजनीतिक दलको कार्यसमिति, प्रतिनिधि वा उम्मेदवार हुन नपाउने भएका छन्।

महासंघले एक विज्ञप्ति जारि गर्दै यदि उम्मेदवार बनेको भए उच्च नैतिकता प्रदर्शन गर्न आग्रह गरेको छ। राजनीतिक दलको कार्यकारी भूमिकामा निर्वाचित भएका आफ्ना विभिन्न समितिका पदाधिकारी र सदस्यलाई राजीनामा दिन पनि आग्रह गरेको छ।

महासंघका महासचिव रोशन पुरीले विज्ञप्ति जारि गर्दै "महासंघका केन्द्रीय समिति, प्रदेश समिति वा शाखा समितिका पदाधिकारी तथा सदस्यले सो पदमा बहाल रहेको अवस्थामा कुनै राजनीतिक दल वा भातृ संगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गरिरहेको अवस्थामा तथा कुनै राजनीतिक दलको प्रतिनिधि वा उम्मेदवार बनेको अवस्थामा उच्च नैतिकता प्रदर्शन गर्न महासंघ आग्रह गर्दछ" भनिएको छ।

कुनै पनि राजनीतिक दलको कार्यकारी पदमा बसेर स्वतन्त्र तथा सन्तुलित पत्रकारिता नहुने भन्दै महासंघले महासंघको कार्यकारी पदमा बहाल रहेको अवस्थामा पनि कुनै दलको चुनावमा उम्मेदवार हुने, प्रतिनिधि चयन हुने कुरा महासंघको विधान तथा पत्रकारिताको विश्वव्यापी मूल्यमान्यताको विरुद्ध रहेको बताएको छ।

गत भदौ ९ गते मकवानपुरको दामन बैठकबाट पारित महासंघको तीन वर्षे कार्ययोजना को बुँदा ३.५। मा "राजनीतिक दलको प्रचार विभाग वा प्रेस हेर्ने गरी बनेका समितिहरूमा रहेका महासंघका सदस्यको हकमा बाहेक राजनीतिक दलको कार्यकारी भूमिकामा काम गरिरहेकाहरूको सदस्यता महासंघको विधानअनुसार मान्य नहुने भएकाले खारेज गरिनेछ" व्यवस्था रहेको पनि महासंघले बताएको छ।

## छिन्नमस्ताका शिक्षक कर्मचारीको आन्दोलन स्थगित

**राजविराज**/सप्तरीको छिन्नमस्तमा गाउँपालिका अन्तर्गतका शिक्षक कर्मचारीहरुको आन्दोलन शुक्रबारदेखी स्थगित भएको छ।

शिक्षक, कर्मचारीहरुको माग सम्बोधनका लागि गाउँपालिका तयार भएपछि ४५ दिनपछि शुक्रबार आन्दोलन स्थगित भएको हो।

गाउँपालिका अध्यक्ष सुर्य नारायण मण्डलले आर्थिक वर्ष २०७८/०७९ को गाउँसभा बिहीबार सम्पन्न भएपछि सर्वपक्षीय बैठकबाट आन्दोलनकारीहरुले उठाएका माग सम्बोधन गर्ने निर्णय भएपछि आन्दोलन स्थगित भएको जनाइएको छ।

विगत डेढ महिनादेखी विभिन्न चरणको आन्दोलनमा उत्रिएका शिक्षक कर्मचारीहरुले गाउँपालिकाको कामकाज समेत ठप्प पारेका थिए।

मंसिर १ गतेदेखि गाउँपालिका कार्यालय अगाडि १९ सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी ४ स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी समेतले कामकाज ठप्प पार्दै धर्ना बसेको थिए।

विगत ६ महिनादेखि तलब खान नपाएका शिक्षक, कार्यालय कर्मचारी गत कार्तिक २८ गतेदेखि चरणबद्ध रिले अनशनसहितका आन्दोलनमा उत्रिएका थिए।

## मोटरसाइकल अनियन्त्रित हुँदा एक यूवकको ज्यान गयो

**राजविराज**/आफैले चलाएको मोटरसाइकल अनियन्त्रित हुँदा एक यूवकको ज्यान गएको छ।

स.६प. ५०६० नं. को मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक सप्तरीको खडक नगरपालिका ११ बनौलीका २३ वर्षीय मोहम्मद सहजाद आलमको ज्यान गएको हो।

सप्तरीको बोदेबरसाइन नगरपालिका ७ हैठीमा गत शनिबार राति सो दुर्घटना भएको थियो।

दुर्घटनामा गम्भीर घाइते भएका आलमको उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भर्ना गरिएको तथा सोही अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## मोटरसाइकल चालकको मृत्यु

**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिकामा बिहीबार भएको सडक दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा मोटरसाईकल चालक सिन्धुली जिल्लाको दुधौली नगरपालिका वडा नं ७ बस्ने ४० वर्षिय कुमार बस्नेत रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

सो नगरपालिका वडा नं ५ कुशहास्थित पुर्व पश्चिम राजमार्गमा पश्चिमबाट पुर्व तर्फ जादै गरेको ना.३ख. ३१४९ नम्बरको बसले सोही दिशातर्फ जादै गरेको प्रदेश २-०१-००१ प ०२९१ नं.को मोटरसाईकललाई ठक्कर दिएको हो।

बसको ठक्करबाट गम्भिर घाइते भएको बस्नेतलाई उपचारका लागि लहानस्थित सप्तऋषी अस्पताल लगिएकोमा सोही अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३


# अन्तर्राष्ट्रिय समाचार

## चीनमा जन्मदर वृद्धि गर्न प्रसूति बिदा बढाइने

**बेइजिङ**/चीनका धेरै क्षेत्रहरूले कम्तीमा ३० दिनसम्म प्रसूति बिदा विस्तार गर्ने तयारी गरेका छन्। न्यून जन्मदरका कारण देशले जनसाङ्ख्यिक सङ्कटको सामना गर्ने देखिएपछि चीनले बालबालिका पालनलाई प्रोत्साहन गर्ने नवीनतम प्रयास स्वरूप प्रसुति बिदा विस्तार गर्ने भएको छ। सरकारको यो निर्णयलाई सरकारी कार्यालय, सङ्घसंस्था तथा निजी संस्थाले पनि प्रोत्साहन गर्ने बताएका छन्।

यसै वर्ष कडा परिवार नियोजनका नियमहरूलाई अन्त्य गर्दै दुईभन्दा बढी बच्चा जन्माउन प्रोत्साहन गर्ने सरकारको नीतिपछि बालबालिकाको हेरचाहलाई सहज बनाउन प्रसूति बिदा विस्तार गर्ने योजना सार्वजनिक भएको हो।

तीव्र गतिमा वृद्धि देखिएको वयस्क जनशक्तिका कारण उत्पादन तथा अर्थ व्यवस्थामा सुस्तता आएपछि चिनियाँ प्रशासनले युवा जनशक्ति बढाउन विविध प्रयासहरू गरिरहेको अधिकारीहरूले बताएका छन्।

शुक्रबार बेइजिङ नगर प्रशासनले महिलाहरूले अब यस पहिले लिँदै आएको १२८ दिनको प्रसुति बिदामा एक महिना (३० दिन) बिदा थप गरी १५८ दिन बिदा पाउने घोषणा गरेको छ।

शाङ्घाईको प्रशासनले पनि एक दिनअघि (बिहीबार) यसै प्रावधानलाई कानुनी मान्यता दिने घोषणा गरेको छ।

पूर्वी झेजियाङ प्रान्तमा दोस्रो वा तेस्रो बच्चाका आमाहरूले अब जम्मा १८८ दिन बिदा लिन सक्ने बनाइएको सिन्ह्वा न्यूज एजेन्सीको एक समाचारमा उल्लेख गरिएको छ।

चालु राष्ट्रिय नियमावलीअनुसार आमाले ९८ दिन पारिश्रमिक पाउने प्रसूति बिदा पाउने व्यवस्था छ।

यस मुद्दाले अनलाइन छलफललाई व्यापकता दिएको छ। केही विश्लेषकहरूले यो परिवर्तनले कम्पनीहरूलाई महिलाहरूलाई रोजगारी दिनेबारे गम्भीर भएर सोच्न बाध्य पार्नसक्ने चिन्ता व्यक्त गरेका छन्।

एक जना इन्टरनेट प्रयोगकर्ताले एएफपीसँग भने, "प्रशासनको यो निर्णयले महिलाहरूको बेरोजगारी दर अझ बढाउन सक्ने देखिन्छ।" अन्य केहीले बेइजिङमा १५ दिनमै पितृत्वको हक किन अपरिवर्तित रह्यो भन्ने पनि प्रश्न गरेका छन्।

राजधानीमा नयाँ बुबाहरूले आफ्नो साथीको कोटाबाट बिदाका दिनहरू लिएर मात्र आफ्नो शिशु स्याहार बिदा विस्तार गर्न सक्छन्। त्यस्तै, झेजियाङमा पुरूषलाई शिशु स्याहार बिदा १५ दिन र शाङ्घाईमा १० दिन रहेको छ।

यो परिवर्तनले उद्यमीहरूले पुरुषहरूलाई महिलाहरूभन्दा बढी मन पराउने अवस्था ल्याउनसक्ने टिप्पणी इन्टरनेटको सक्रिय प्रयोग गर्ने एक अर्का व्यक्तिले बताए।

चीनले सन् २०१६ मा विश्वकै सबैभन्दा कडा पारिवार नियोजन नियमावलीमध्येको एक 'एक बाल नीति' लाई अन्त्य गर्दै चिनियाँ दम्पतीलाई दुई सन्तान जन्माउने अनुमति दिएको थियो।

सरकारले सन्तान जन्माउनसक्ने प्रावधानलाई थप लचिलो पार्दै यो वर्षको सुरुतिर एक दम्पतीले तीन बच्चासम्म जन्माउनसक्ने बनाएको थियो। गतवर्ष प्रति एक हजार चिनियाँबाट करिब नौ बच्चा जन्मिएको रेकर्ड गरिएको थियो। यो सन् १९७८ मा वार्षिक तथ्याङ्क सुरु भएदेखिको सबैभन्दा कम हो। एजेन्सी

## इथियोपियाका ९० लाख मानिसलाई खाद्य संकट पर्नसक्ने राष्ट्रसंघको चेतावनी

**अदिस**/द्वन्द्वग्रस्त मुलुक इथियोपियामा ९० लाखभन्दा बढी मानिसलाई खाद्य सङ्कट पर्नसक्ने देखिएको छ।

संयुक्त राष्ट्रसङ्घअन्तर्गतको विश्व खाद्य कार्यक्रमले शुक्रबार दिएको जानकारीअनुसार इथियोपियाका ९० लाखभन्दा बढीलाई खाद्य अभाव हुनसक्ने भएकाले सतर्कता अपनाउनुपर्ने भएको छ।

इथियोपियामा खाद्य सङ्कट उत्पन्न हुनेबारेमा अन्तर्राष्ट्रिय समुदायको तत्काल ध्यानाकर्षण गराउनुपर्ने राष्ट्र सङ्घीय अधिकारीहरूको भनाइ छ।

अफ्रिकी देशहरूमध्ये दोस्रो धेरै जनसङ्ख्या भएको द्वन्द्वग्रस्त मुलुक इथियोपियाका लागि अहिलेदेखि नै खाद्य व्यवस्थापनको तयारी नगरिए ठूलो मानवीय क्षति हुनसक्ने चेतावनीसमेत उनीहरूले दिएका छन्।

इथियोपियामा सरकारी पक्ष र विद्रोही टीपीएलएफ समूहका बीचमा लामो समयदेखि द्वन्द्व चल्दै आएको छ। एजेन्सी

# प्रभावकारी कार्यान्वयनको अभावले जातिय विभेद कायमै

**राजविराज**/राजविराजमा आयोजित एक कार्यक्रममा लैङ्गिक हिंसा र जातिय विभेद तथा छुवाछूत न्युनिकरणका लागि जनचेतना फैलाउनु पर्नेमा जोड दिइएको छ।

समता फाउन्डेसनको आयोजनामा लैङिक हिंसा र जातीय विभेद तथा छुवाछूत न्यूनीकरणका लागि कानुन कार्यान्वयनको भुमिका विषयक संबाद कार्यक्रमका सो कुरामा जोड दिइएको हो।

कार्यक्रममा लैङ्गिक हिंसा र जातीय विभेद तथा छुवाछूत न्यूनीकरण गर्ने प्रसस्त ऐन कानुन बने पनी यसको प्रभावकारी कार्यान्वयनको अभावले समाजमा यस्ता घटानाहरुमा कमि आउन नसकेको बताइएको छ।

कार्यक्रममा सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले सामजमा धेरै विकृति, महिलामाथि हिंसा, जातको आधारमा विभेद तथा छुवाछूतको जटिल अबस्था रहेकोमा कानुनी ज्ञानको अभावले पीडितहरु यस्ता घटनालाई लिएर सम्बन्धित ठाउँमा अझै आउन नसकेको जिकिर गरे।

प्रजिअ गौतमले हिंसा र जातीय विभेद तथा छुवाछूत न्यूनीकरणका लागि जनचेतनामुलुक कार्यक्रमको अबश्यकता रहेको औल्याउदै पीडितको उजुरीको आधारमा घटनामा संलग्नहरुलाई कडा कारवाही गर्नुपर्नेमा जोड दिए।

समता फाउन्डेसन प्रदेश २ का कार्यालय अधिकृत रामपुकार महराद्वारा संचालित कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, राजविराज नगरपालिकाका उपप्रमुख साधाना झा, तिरुहुत गाउँपालिकाका उपाध्यक्ष तिर्थमाया मण्डल, एकल महिला संघ प्रदेश २ का अध्यक्ष अनिता देवकोटा, महिला अधिकारकर्मी करुणा झा, साधाना कर्ण, संचारकर्मी सुधा देव, अञ्जली मेहतर लगायतले बोलेका थिए।

कार्यक्रममा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला प्रहरी कार्यालय, न्यायिक समितीका पदाधिकारी, संचारकर्मी, महिला अधिकारकर्मी, दलित अधिकारकर्मी लगायतका सरोकारवाला पक्षहरुको प्रतिनिधिहरुको उपस्थिती रहेको थियो।

### *काँग्रेस निर्वाचनमा ...*

मूरली खिडहरीले १ सय ६५ मत मात्र प्राप्त गरे।

यसअघि सप्तरीको निर्वाचन क्षेत्र नं. ३ को क र ख बाट प्रादेशिक सभापतिमा संस्थापन पक्षका क्रमश: ध्रुब कुमार मण्डल र भागवत यादव निर्विरोध निर्वाचित भइसकेका छन्।

सप्तरीको निर्वाचन क्षेत्र नं. ४ र क्षेत्र नं २ को क मा संस्थापन र संस्थापन इतर पक्षबीच विवाद रहेकाले दुबै पक्षलाई राखी समाधान प्रयास भइरहेको र एक/दुई दिनमै अधिवेशन गरिने तयारी भइरहेको पार्टीका प्रवक्ता प्रभातकुमार ललनले जानकारी दिए।

सप्तरीमा अहिलेसम्मको नतिजाले महाधिवशेन प्रतिनिधि चयनमा संस्थापन र संस्थापन इतर पक्षबीच कडा टक्कर देखिएको छ।

# बृद्धको घाटी रेटी हत्या, चार वर्षको अवधीमा ४३ जनाको हत्या

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिकामा बुधबार एक ९० वर्षिय बृद्धाको घाटी रेटी हत्या गरिएको अवस्थामा शव फेला परेको छ।

सो गाउँपालिका ६ निवासी मिश्रि भन्ने मुक्तिलाल मण्डलको घाटी रेटेको अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

घरबाट करिब २ किलोमिटर टाढा रहेको झोकराहीस्थित आँप बगौचामा उनको मृत शरीर फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए।

यता घटनाको छानबिन र हत्यारालाई अविलम्ब पक्राउ गर्न मृतकका आफन्त र गाउँलेले माग गरेका छन् भने घटना बारे सुक्ष्म अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यसैबीच सप्तरीमा अपराधिक घटनामा बृद्धि भएको एक तथ्याङ्कले देखाएको छ। प्रदेश २ प्रहरी कार्यालय जनकपुरधामले दिएको तथ्याङ्क अनुसार चार वर्षको अवधीमा ४३ जनाको हत्या भएको छ। त्यस्तै १ सय १६ ज्यान मार्ने उद्योग, गर्भपतनका ६, भवितब्य ज्यान ३ सय ४७, फुटकर ज्यान २० र ज्यान सम्बन्धि ७ वटा घटना भएका छन्।

जिल्लामा ४ वर्ष यता ३ हजार ४४ आपराधिक घटनामा भएको तथ्याङमा उल्लेख छ। प्रहरीको तथ्याङ्कमा आर्थिक वर्ष २०७४/७५ मा ६ सय ४६, २०७५/७६ मा ७ सय ७४, २०७६/७७ मा ७ सय ७६ र २०७७/७८ मा ८ सय ४४ आपराधका घटना भएको छ।

यसैगरि पछिल्लो चार वर्षमा जिल्लामा ३ सय ८५ जनाले आत्महत्या गरेको तथ्याङ्कले देखाएको छ। आ.ब. २०७४/०७५ मा ८३ जना, ०७५/०७६ मा ८८ जना, ०७६/०७७ मा ९६ जना र ०७७/०७८ मा १ सय १८ जनाले आत्महत्या गरेका २ नम्बर प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

### *स्वास्थ्यकर्मीद्वारा ...*

उनको शव अपरान्ह ४ बजेतिर भेटिएको जनाइएको छ।

मृतकको शव पोष्टमार्टमका लागि अस्पताल पठाई घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# जनमतको रंगभेद बिरुद्ध र्‍याली

**राजविराज**/ जनमत पार्टीले रंगभेद विरुद्ध एकता दिवस मनाएको छ। सो पार्टीले शुक्रबार राजविराजमा बृहत प्रदर्शन गरेको छ।

स्थानीय राजरंगशालाबाट निकालिएको विरोध र्‍याली नगर परिक्रमा गरि जनआन्दोलन चौकमा पुगेर बिरोधा सभामा परिणत भएको थियो।

सो सभालाई सम्बोधन गर्दै नेताहरुले रंगको आधारमा भेदभाव स्वीकार नहुने बताउँदै रंगको आधारमा नागरिकलाई सम्मान अधिकार र अवसरबाट वञ्चित गर्न खोजे शसक्त आन्दोलन गर्ने चेतावनी समेत दिए।

जिल्ला अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा आयोजित सभालाई केन्द्रिय सदस्य सुरेन्द्र मधेसी, जिल्ला सदस्य महेश यादव, चन्दन सिंह, शिवनन्दन मेहतालगायतले नेताकार्यकर्ताले सम्बोधन गरेका थिए।



अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु




**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : saptahiknavin@gmail.com, वेबसाइट : rajbirajdainik.com.np